सभाका अध्यक्ष ज्यू,

सहभागी नगरसभासद मित्रहरु

सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत भैसकेको कुरामा यहाँहरु अवगतनै हुनुहुन्छ। बार्षिक नीति तथा कार्यक्रमले हाम्रो नगरपालिकालाई आर्थिक सामाजिक र भौतिक पूर्वाधार विकास लगायतका क्षेत्रमा गरिने कार्य तथा गतिविधिहरुका बारेमा प्रष्ट दृष्टिकोण राखेको छ। प्रस्तुत नीति तथा कार्यक्रमहरुमा उल्लेखित विषयहरुको कार्यान्वयन हामी सबैको इमान्दारीपुर्वक प्रयासबाट सफल हुन्छ भन्ने विश्वास छ। नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्नका लागि अब म आ.व. २०७६/०७७ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। आ.व २०७६/०७७ को लागि नगरपालिकाको कुल बजेट १,१८,४७,६४,०००।- (अक्षेरुपी एक अर्व अठार करोड सत्तचालिस लाख चौसठी हजार) रहेको छ।

❖ उल्लेखित बजेटमा निम्नानुसार आम्दानी रहेको छ।

१) संघीय सरकारबाट प्राप्त रकम –

क) समानीकरण - १८,१२,००,००० ।-

ख) राजश्व बाडफाड - १०,००,००,००० ।-

ग) सर्शत अनुदान -_१८,५६,००,००० ।-

घ) सामाजिक सुरक्षा – ७,००,००,०००।-

ङ) सडक बोर्ड – १,००,००,००० ।-

२) प्रदेश सरकारबाट प्राप्त रकम –

क) समानीकरण – ४९,७६,०००।-

ख) राजश्व बाडफाड – १,१७,७३,००० ।-

ग) समपुरक – २,००,००,०००।-

३) आन्तरिक आम्दानीबाट– १२,७०,१५,००० ।-

४) क्षेत्रिय सहरी विकास आयोजना – ४०,००,००,००० ।-

५) नगरविकास कोष – १,०५,००,००० ।-

६) अन्य राजस्व बाडफाड – २,००,००,०००।-

६) अल्या – ४,३७,००,०००।-

*कुल जम्मा आम्दानी – १ अर्ब १८ करोड ४७ लाख ६४ हजार मात्र।*

❖ उल्लेखित आम्दानीलाई निम्नानुसारको खर्च शिर्षकमा बाडफाड गरिएको छ।

१) चालुखर्च तर्फ – १९,५९,१८,००० ।-
(पारिश्रमिक र सेवा सुविधा आदि)

२) सामाजिक सुरक्षा – ७,००,००,०००।-

३) नगरस्तरीय (फुटकर योजना समेत) – १८,३१,४६,००० ।-

४) वडास्तरीय –८,३१,००,०००।-

५) लक्षित समुदायतर्फ – ४८,००,०००।-

६) विषयगत तर्फ – २,३५,००,०००।-

(क) कृषि तर्फ : २५,००,०००।- (ख) शिक्षा तर्फ : १,१५,००,०००।-

(ग) सहकारी तर्फ : ५,००,०००।- (घ) महिला विकास कार्यक्रम तर्फ : ३५,००,०००।-

(ङ) पशु सेवा तर्फ : ४०,००,०००।- (च) स्वास्थ्य तर्फ : १५,००,०००।-

७) क्षेत्रिय शहरी विकास आयोजना तर्फ – ४३,०५,००,०००।-

८) मेशिनरी औजार लगायत आदि तर्फ – ५०,००,०००।-

९) खानेपानी तथा सरसफाइ (युनिसेफ) तर्फ – ३२,००,०००।-

१०) सशर्त अनुदान तर्फको खर्च – १८,५६,००,००० ।-

*कुल जम्मा खर्च – १ अर्ब १८ करोड ४७ लाख ६४ हजार मात्र ।*

खर्चतर्फका शिर्षकहरु छनौट गर्दा विभिन्न चरणमा छलफल भई वडा समितिबाट सिफारिस भइ आएका कार्यक्रम तथा योजनाहरु, पक्की संरचनाहरु, पर्यटकिय संरचनाहरु, नगर सौन्दर्यकरणसँग सम्बन्धित संरचनाहरु, सर-सफाइसंग सम्बन्धित कार्यहरु, सडग बत्तिको व्यवस्थापन, सेवा प्रवाहमा प्रभावकारिता ल्याउने खालका कार्यक्रमहरु, दातृ निकायसंग सम्झौता भएका कार्यक्रमहरु, जनताबाट प्राप्त मागहरु, वातावरण र हरियाली संग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको छ ।

उल्लेखित आधारमा छनौट भएका कार्यक्रमहरु, चालु खर्चहरु, करका दरहरु, सिफारिस दस्तुरहरु, सेवा शुल्क आदि बजेट पुस्तिकामा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

उल्लेखित कार्यक्रमहरुबाट मात्र जनताको इच्छा आकांक्षा बमोजिम नगरपालिकाका सबै आवश्यकताहरु पुरा गर्न सकिने संभावना नभएको हुदा आगामी दिनहरुमा त्यस्ता आवश्यकताहरु क्रमश सम्बोधन गरिने प्रतिबद्धता कायम राख्दै नीति तथा कार्यक्रम, बजेट तर्जुमा प्रकृयामा सहभागी हुनुहुने नगरका पदाधिकारीज्यूहरु, बुद्धिजीवी, व्यापारी, समाजसेवी, शिक्षाप्रेमी , सञ्चार कर्मी, गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाजका व्यक्तित्वहरु, नगरपालिकाका, कर्मचारी लयागत सबैमा आभार प्रकट एवं हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सदा झै सबै क्षेत्रबाट सहयोग र सदभाव प्राप्त हुने आशा एंव विश्वास लिएको छु। धन्यवाद ।

**उमा काफ्ले**

(उप - प्रमुख)

मिति : २०७६।०३।१०